# <u>गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** गण्डकी प्रदेशभित्र दुई वा दुई भन्दा बढी व्यक्तिको पूँजीलाई एकीकृत गरी उद्योग, व्यापार तथा व्यवसायमा लगानीको अभिवृद्धिका लागि साझेदारी फर्मको दर्ता, नवीकरण र नियमन मार्फत त्यस्ता फर्मको संरक्षण र प्रवर्द्धन गर्दै प्रदेशको आर्थिक समृद्धिमा टेवा पुऱ्याउन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "गण्डकी प्रदेश साझेदारी फर्म ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको उद्योग, वाणिज्य हेर्ने जिल्ला स्थित कार्यालय सम्झनु पर्छ।

(ख) "तेस्रो पक्ष" भन्नाले साझेदारी व्यवसायका सम्बन्धमा साझेदार बाहेकका अरु कुनै व्यक्ति सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको उद्योग, वाणिज्य हेर्ने निर्देशनालय सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ङ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(च) "फर्म" भन्नाले दफा ६ बमोजिम दर्ता भएको साझेदारी फर्म सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "व्यवसाय" भन्नाले कानून बमोजिम कुनै उद्योग, व्यापार वा वाणिज्य सम्बन्धी पेशा वा व्यवसाय सञ्चालन गर्ने काम सम्झनु पर्छ।

(झ) "साझेदारी" भन्नाले दफा ६ बमोजिम दर्ता भएको फर्मबाट गरिने व्यवसाय सम्झनु पर्छ।

३. **<u>साझेदारी कायम हुनेः</u>** (१) दुई वा दुई भन्दा बढी व्यक्तिले मुनाफा बण्डा लगाउने गरी एउटै नाम राखी कुनै साझेदारले सबै साझेदारका लागि वा सबै साझेदारले प्रत्येक साझेदारका लागि सबै व्यवसायमा भाग

लिन आपसमा कबुलियत गरी यस ऐन बमोजिम कार्यालयमा दर्ता भएको फर्म साझेदारी कायम भएको मानिने छ।

(२) उपदफा (१) बमोजिम कबुलियत गर्ने व्यक्तिलाई एक अर्काको सम्बन्धमा साझेदार भनिनेछ।

(३) साझेदारले सामुहिक रुपमा व्यवसाय सञ्चालन गर्दा फर्मको नामबाट गर्नु पर्नेछ र त्यस्तो फर्म दफा ६ बमोजिम दर्ता गराउनु पर्नेछ।

४. **संगठित संस्था साझेदारी नहुनेः** अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संगठित संस्था कुनै साझेदारी व्यवसायको साझेदार हुने सक्ने छैन।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि संगठित संस्था भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई छुट्टै कानूनी अस्तित्व भएका कम्पनी, सार्वजनिक संस्थान र निगम जस्ता कानूनी व्यक्ति सम्झनु पर्छ।

५. **एकाघर सगोलको व्यवसाय साझेदारी नहुनेः** एकाघर सगोलका अंशियारहरूले कबुलियत गरी साझेदारीमा व्यवसाय चलाएका रहेनछन् भने सगोलको व्यवसाय यस ऐनको तात्पर्यका लागि साझेदारी मानिने छैन।

## परिच्छेद-२

## फर्मको दर्ता सम्बन्धी व्यवस्था

६. **फर्मको दर्ता गर्नुपर्नेः** (१) साझेदारी कायम भएको छ महिना भित्र यस ऐन बमोजिम कार्यालयमा साझेदारी फर्मको दर्ता गराउनु पर्नेछ। त्यस्तो फर्म दर्ताको लागि साझेदारहरूको आपसी कबुलियत र साझेदारहरूबीचको फर्म दर्ता गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि समेत राखी अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा दरखास्तसँग सम्बन्धित विवरण चेक जाँच गरी फर्म दर्ता हुन सक्ने देखिएमा अनुसूची-२ बमोजिमको दस्तुर लिई कार्यालयले सात दिन भित्र त्यस्तो फर्म दर्ता गरिदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको फर्मको कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्तवालालाई फर्म दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम दरखास्त चेकजाँच गर्दा फर्म दर्ता हुन नसक्ने देखिएमा वा आवश्यक कागजात नपुगेमा कार्यालयले सोको कारण सहित सात दिन भित्र दरखास्तवालालाई जानकारी दिनुपर्ने छ।

७. **फर्म दर्ताको अभिलेखः** (१) दफा ६ बमोजिम दर्ता भएको फर्मको अभिलेख अनुसूची-४ बमोजिमको ढाँचामा कार्यालयको दर्ता किताबमा अनिवार्य रूपमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको फर्म दर्ताको अभिलेख विद्युतीय प्रणालीमा समेत राख्न सकिनेछ।

८. **फर्मको नाम भ्रमपूर्ण राख्न नहुनेः** (१) फर्मको नाम राख्दा दोहोरो अर्थ नलाग्ने गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फर्मको नाम राख्दा पहिले दर्ता भैसकेको कुनै व्यवसाय, कम्पनी, रजिष्टर्ड ट्रेडमार्क, पेटेण्ट, डिजाइन वा अन्तर्राष्ट्रिय रुपमा ख्याती प्राप्त व्यापारिक नाम वा चिन्हसँग मिल्ने वा भ्रम सृजना हुने गरी वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचारको दृष्टिले अनुपयुक्त हुने वा राष्ट्रिय चिन्ह, राष्ट्रिय विभूति, राष्ट्रिय सम्पदा आदिसँग भ्रम सिर्जना हुने गरी राख्न पाइने छैन।

(३) दर्ता भइसकेको कुनै व्यवसायको नाम उपदफा (२) बमोजिम भ्रमपूर्ण रहेको भनी दरखास्त परेमा कार्यालयले आवश्यक छानबिन गर्नेछ।

(४) उपदफा (३) बमोजिम छानबिन गर्दा व्यवसायको नाम भ्रमपूर्ण रहेको देखिएमा कार्यालयले पैंतिस दिनको अवधि तोकी त्यस्तो नाम परिवर्तन गर्न सम्बन्धित साझेदारलाई आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको आदेशको पालना गर्नु सम्बन्धित फर्मको कर्तव्य हुनेछ।

९. **अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ बमोजिम दर्ता भएको कुनै फर्मले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र लिनु पर्नेछ।

१०. **अद्यावधिक गर्नु पर्नेः** यो ऐन प्रारम्भ हुनु अघि साझेदारी ऐन, २०२० बमोजिम दर्ता भएका साझेदारी फर्मले नवीकरण गर्नु पूर्व यस ऐन बमोजिम फर्मको अद्यावधिक गर्नु पर्नेछ।

११. **विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनुपर्नेः** (१) फर्म दर्ता गर्नको लागि दफा ६ बमोजिम पेश गरेको दरखास्त र फर्मको कबुलियत विवरणमा पछि कुनै हेरफेर गर्नु परेमा सो कुरा खुलाई कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण हेरफेर गर्न कार्यालयवाट स्वीकृति प्राप्त भएपछि मात्र त्यस्तो विवरण हेरफेर भएको मानिनेछ।

१२. **नवीकरण गर्नु पर्ने:** (१) यस ऐन बमोजिम दर्ता भएको फर्मले प्रत्येक आर्थिक वर्ष भुक्तान भएको मितिले नव्वे दिनभित्र नवीकरणका लागि अनुसूची-५ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम म्यादभित्र दरखास्त परेमा कार्यालयले अनुसूची-६ बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो फर्मको नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम म्यादभित्र नवीकरण हुन नसकेका फर्मले अनुसूची-६ बमोजिमको शुल्क र जरिवाना तिरी नवीकरण गर्न सक्नेछन्।

१३. **स्थानीय तहमा साझेदारी फर्मको दर्ता:** (१) दश लाख रुपैयाँसम्मको पूँजी भएको साझेदारी फर्मको दर्ता, नवीकरण तथा तत्सम्बन्धी अन्य व्यवस्था यस ऐनको अधिनमा रही सम्बन्धित स्थानीय तहको कानून बमोजिम गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम साझेदारी फर्म दर्ता तथा नवीकरण गर्दा प्राप्त हुने दस्तुरको चालीस प्रतिशत रकम सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

१४. **विवरण माग गर्न सक्ने:** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै फर्मसँग कार्यालयले त्यस्तो फर्मको हिसाबको विवरण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको हिसाबको विवरण सम्बन्धित कार्यालयलाई पेश गर्नु त्यस्तो फर्मको कर्तव्य हुनेछ।

१५. **फर्म खारेज गर्न सक्ने:** (१) यस ऐन बमोजिम दर्ता भएको फर्म कार्यालयले देहायको अवस्थामा खारेज गर्न सक्नेछः

(क) साझेदारहरूले मनासिव कारण खुलाई फर्म खारेज गरी पाउँ भनी अनुसूची-७ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिएमा,

(ख) कार्यालयले माग गरेको दफा १४ बमोजिमको विवरण पेश नगरेमा,

(ग) कार्यालयको सहमति बिना कुनै फर्मले फर्म दर्ताको प्रमाण पत्रमा उल्लेखित उद्देश्य वा फरक ठेगानामा व्यवसाय सञ्चालन गरेमा,

(घ) उद्योग सम्बन्धी फर्मले कार्य सञ्चालन गरी कार्यालयलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(ङ) उद्योग सम्बन्धी फर्मले दर्ता प्रमाणपत्रमा उल्लिखित शर्त अनुसार उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशिनरी औजार,

उपकरणको खरिद वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण कार्यालयमा नदिएमा,

(च) फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरित हुने गरी अन्य काम गरेमा।

(२) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिम कार्यालयवाट फर्म खारेज गर्नु अघि सम्बन्धित फर्मलाई सफाइको सवुत पेश गर्न उचित अवसर दिनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिम कार्यालयबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मको साझेदार कसैको नाममा एक वर्ष सम्म सोही उद्देश्य भएको अर्को फर्म दर्ता गरिने छैन।

परिच्छेद-३

## साझेदारको आपसी सम्बन्ध

१६. **साझेदारको आपसी सम्बन्धः** (१) साझेदारको आपसमा भएको लिखित कबुलियतद्वारा साझेदारमा हक र दायित्व कायम हुनेछ।

(२) साझेदारीको कबुलियतमा उल्लेख भएका विषयको हकमा सोही बमोजिम र उल्लेख नभएकोमा यस ऐन बमोजिम हुनेछ।

१७. **साझेदारीमा रहेको जायजेथाः** साझेदारीको जायजेथा देहाय बमोजिम हुनेछः

(क) साझेदारी व्यवसाय सुरु हुँदा त्यसका लागि जम्मा गरिएको सम्पूर्ण जायजेथा,

(ख) साझेदारीको लागि वा त्यसको निमित्त वा त्यसको प्रयोजनमा प्राप्त गरेको जायजेथा,

(ग) साझेदारीले व्यवसाय गरी कमाएको धन,

(घ) साझेदारीमा चलाएको व्यवसायबाट प्राप्त हुन आएको ख्याती (गुड विल)।

**स्पष्टीकरणः** अन्यथा प्रमाणित भएकोमा बाहेक फर्मको रकम लगानी गरी प्राप्त भएको सबै सम्पत्ति र हक फर्मको निमित्त प्राप्त गरेको मानिनेछ।

१८. **साझेदारको मृत्यु भएपछिको दायित्वः** (१) कुनै साझेदारको मृत्युपछि पनि साझेदारी फर्म सञ्चालन रहि रहेकोमा त्यस्तो साझेदारको मृत्युपछि हकवालालाई हक हस्तान्तरण हुनु अगावै भएको कुनै काम, कार्यबाही वा कारोवारको कारणबाट सृजना भएको दायित्व मृतक साझेदारको हकवालाले व्यहोर्नु पर्ने छैन।

(२) साझेदारको मृत्युपछि हकवालालाई हक हस्तान्तरण गर्ने प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम कुनै साझेदारको मृत्युपछि हक हस्तान्तरण गर्न वा साझेदारी विघटन भई सम्पत्ति बाँडफाड गर्न कुनै साझेदार उपस्थित नहुने वा बेपत्ता भएमा प्रचलित कानुन बमोजिम सूचना जारी गर्ने र म्याद तामेल गर्न सकिनेछ।

१९. **<u>साझेदारी सम्पत्तिको प्रयोगः</u>** साझेदारीको सम्पत्ति साझेदारी कारोबारको प्रयोगमा बाहेक साझेदारले अरु काममा लगाउन वा लगाउन दिन हुँदैन।

२०. **<u>पूँजी थप्न बाध्य नहुनेः</u>** अरु साझेदारले माग गरे पनि साझेदारी कबुलियतमा तोकेको रकम भन्दा बढी पूँजी थप्न कुनै साझेदार बाध्य हुने छैन।

२१. **<u>सट्टा राख्न नपाउनेः</u>** कुनै साझेदारले अन्य साझेदारको मञ्जुरी बिना अन्य कुनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार गराउन वा साझेदार राख्न पाउने छैन।

२२. **<u>साझेदारको कारोबारमा भाग लिन पाउनेः</u>** (१) कबुलियत बमोजिम भाग लिन नपाउने साझेदारले बाहेक अन्य साझेदारले विरोध नगरेसम्म प्रत्येक साझेदारले फर्मको सबै कारोबारमा भाग लिन पाउनेछन्।

तर, सबै साझेदारको मञ्जुरीबेगर साझा कारोबारसँग सम्बन्ध नभएको अरु काम साझेदारीको नामबाट गर्न पाइने छैन।

(२) साझेदारीको सबै वा कुनै काम सबै साझेदारले वा सो मध्ये कुनै दुई वा दुई भन्दा बढी साझेदारहरूले संयुक्त रूपमा गर्ने कबुलियत भएकोमा कुनै मनासिब माफिकको कारण परी कबुलियत बमोजिम यस्ता सबै साझेदारहरूले सो काम गर्न नभ्याउने भएमा निजहरूले आफू मध्येबाट कसैलाई सो काम गर्न अख्तियारी दिन सक्नेछन्।

२३. **<u>श्रेस्ता हेर्न नक्कल लिन पाउनेः</u>** साझेदारीको हिसाब किताबको श्रेस्ता हेर्न चाहेमा हरेक साझेदारले त्यस्तो श्रेस्ता हेर्न पाउने छन् र नक्कल लिन चाहेमा सो श्रेस्ता जिम्मा लिने साझेदारले सो श्रेस्ताको सक्कल बमोजिमको नक्कल उतारी आफ्नो सहीछाप गरीदिनु पर्नेछ।

२४. **<u>पारिश्रमिक र ब्याजः</u>** (१) साझा कामको व्यवस्थापन गरे वापतको परिश्रमिक कबुलियतमा तोकिए बमोजिम हरेक साझेदारले पाउनेछन्।

(२) कुनै साझेदारले कबुलियत बमोजिम भन्दा थप पूँजी लगानी गरेको भए बढीमा दश प्रतिशतसम्म लिखत बमोजिमको ब्याज लिन पाउनेछ।

(३) कुनै साझेदारले जानी जानी वा लापरवाही गरी साझेदारी व्यवसायमा हानी नोक्सानी पुऱ्याएमा त्यसको बिगो निजले नै व्यहोर्नु पर्नेछ।

२५. **मुनाफा फर्मको हुने:** फर्मको कुनै कारोबारको सिलसिलामा वा फर्मको धनमालको उपयोग गरी वा फर्मको कारोबारको सम्बन्धबाट वा फर्मको नाममा कुनै साझेदारले नाफा आर्जन गरेमा सो नाफा र त्यसको हिसाब समेत फर्मलाई बुझाउनु पर्नेछ।

२६. **साझेदारले वुझाएको रकम हिसाबमा देखाउनु पर्ने:** दफा २४ र २५ बमोजिम कुनै साझेदारले रकम तिरे वुझाएमा सो रकम फर्मको आर्थिक वर्षको नाफा नोक्सानीको हिसाब श्रेस्तामा स्पष्ट देखाउनु पर्नेछ।

२७. **नाफा नोक्सानको बाँडफाट:** (१) साझेदार बीचमा नाफा नोक्सान हिसाब गरी बाँडफाट गर्दा कबुलियतमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा लगानीको अनुपातमा बाँडफाट गर्नु पर्नेछ।

(२) कुनै साझेदारले साझेदारी खडा गर्दा लगाएको पूँजीमा ब्याज दिने लिने कबुलियत भए सो ब्याज मुनाफाबाट मात्र तिर्नु पर्नेछ।

२८. **मुनाफा पाउन नसक्ने:** कुनै साझेदारले फर्मलाई बुझाउनुपर्ने आफ्नो भागको पूँजी पूर्ण रुपमा चुक्ता नगरेसम्म निजले फर्मबाट पाउनुपर्ने मुनाफा पाउन सक्ने छैन।

तर, कुनै साझेदारले बुझाएको पूँजी रकम बराबर हुन आउने मुनाफाको हिस्सा निजलाई बाँडफाँट गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद-४

## फर्म र तेस्रो पक्ष बीचको सम्बन्ध

२९. **साझेदारले काम गर्न हुने:** (१) दफा २२ मा उल्लेखित कबुलियतको अधिनमा रही प्रत्येक साझेदारले फर्मको प्रतिनिधित्व गर्न सक्नेछ।

(२) कुनै साझेदारले फर्मको कारोबार चलाउनलाई गरेको कामबाट सिर्जना भएको दायित्व फर्मको हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कारोबार गर्दा कुनै साझेदारले जालसाँजी गरेमा अरु साझेदारले न्यायिक निरुपणको लागि अधिकार प्राप्त अदालतमा उजुर गर्न सक्नेछन्।

३०. **साझेदारले गरेको काममा फर्म बाध्य हुने:** (१) साझेदारले कबुलियतद्वारा साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा बन्देज लगाउन सक्नेछ।

(२) कबुलियतमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको बन्देज फर्मसँग कारोबार गर्ने तेस्रो पक्षलाई थाहा रहेनछ भने हरेक साझेदारले फर्मको निमित्त गरेको कारबाहीको सम्बन्धमा फर्मको दायित्व हुनेछ।

३१. **<u>नयाँ साझेदार जवाफदेही नहुने:</u>** (१) आफू साझेदार हुनुभन्दा अगाडि भए गरेको साझेदारी कामको सम्वन्धमा नयाँ हुने साझेदार जवाफदेही हुने छैन।

(२) साझेदारीबाट अलग हुने साझेदारलाई फर्मको अघिको काममा तेश्रो पक्ष प्रतिको दायित्वबाट सो तेश्रो पक्षसँगको कबुलियतद्वारा र साझेदारी कायम रहेका बाँकी साझेदारको मञ्जुरीले मात्र उन्मुक्ति हुन सक्नेछ।

(३) तेश्रो पक्षलाई कुनै साझेदार साझेदारीबाट अलग भएको छ भन्ने थाहा भएमा अलग हुने साझेदार आफू अलग भई सकेपछि अरु साझेदारले फर्मको नामबाट भए गरेका काम प्रति निजको जवाफदेहीता हुने छैन।

३२. **<u>साझेदारले आफ्नो हक बिक्री गर्न सक्ने:</u>** कुनै साझेदारले फर्ममा रहेको आफ्नो सबै हक अरु कसैलाई बिक्री गरी वा बन्धक राखी वा अरु कुनै प्रकारले दिएमा सो साझेदारले सो अवधि भित्र साझेदारी कारोबारबाट पाउने मुनाफा वा अन्य कुनै रकममा सो व्यक्तिले दाबी गर्न सक्नेछ।

तर, त्यस्तो व्यक्ति सो फर्मको साझेदार मानिने छैन र सबै साझेदारहरूको मञ्जूरी बिना निजलाई सो फर्मको हिसाब किताब जाँच्ने अधिकार हुने छैन।

३३. **<u>जवाफदेही हुने:</u>** (१) आफू साझेदार रहँदा फर्मको निमित्त गरिएका सबै काम उपर संयुक्त वा व्यक्तिगतरूपमा प्रत्येक साझेदार जवाफदेही हुनेछ।

(२) उपदफा (१) बमोजिमको जवाफदेही साझेदारले साझेदारी फर्ममा गरेको पूँजी लगानीको प्रतिशत वा कबुलियत बमोजिम हुनेछ।

## परिच्छेद- ५

## <u>साझेदारीको विघटन</u>

३४. **<u>लिखित सूचनाद्वारा विघटन हुने:</u>** (१) कुनै साझेदारी अनिश्चित समयको निमित्त चलाईएको छ भने जुनसुकै समयमा जुनसुकै साझेदारले अरु साझेदारलाई लिखित सूचना दिई साझेदारी विघटन गराउन सक्नेछ।

(२) साझेदारको बीचमा अन्यथा मञ्जुरी नभएको भए त्यस्तो सूचनामा लेखिएको मिति देखि वा मिति नतोकिएको भए सूचना तामेल भएको मिति देखि साझेदारी विघटन भएको मानिनेछ।

३५. **<u>साझेदारी विघटन हुन सक्ने:</u>** (१) सबै साझेदारको मञ्जुरी वा कबुलियत बमोजिम साझेदारी विघटन हुन सक्नेछ।

(२) साझेदारमा जुनसुकै व्यहोराको कबुलियत भएको भए तापनि कुनै साझेदारले देहायका अवस्थामा जुनसुकै बखत साझेदारी विघटन गराउन सक्नेछः

(क) कुनै साझेदार आफूले गरेको कबुलियत बमोजिमको साझेदारी कार्यभार सम्हाल्न असमर्थ भएमा,

(ख) अर्को साझेदारले फर्मलाई तिर्न बुझाउन पर्ने रकम नतिरेमा वा आफूले साझेदारीको हिस्सा अरु साझेदारको मञ्जुरी बेगर कसैलाई हक छाडी दिएमा,

(ग) अर्को साझेदारको हक अदालतबाट भरी भराउमा परेमा,

(घ) अर्को साझेदारले फर्मको काम कारवाहीमा जालसाज वा लापरवाही गरेमा,

(ङ) अर्को साझेदारले कैदको सजाय पाएमा।

(३) साझेदारको बीच एक आपसमा भएको कबुलियतको अधिनमा रही कुनै साझेदारी सिमित समयको लागि खडा भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एक भन्दा बढी कामको निमित्त खडा भएकोमा सो काम पुरा भएपछि साझेदारी स्वतः विघटन हुनेछ।

(४) कुनै साझेदारको मृत्य भएमा साझेदारी तुरुन्त विघटन हुनेछ।

तर, साझेदारको मृत्य पछि मृतक साझेदारको हकवालाले चाहेमा साझेदार बीचको आपसी सहमतिबाट कबुलियत गरी साझेदारलाई निरन्तरता दिन बाधा पर्ने छैन।

(५) कुनै साझेदार साहुको ऋण तिर्न नसक्ने भई दामासाहीमा परेमा साझेदारी तुरुन्त विघटन हुनेछ।

३६. **<u>तेस्रो पक्ष प्रतिको दायित्व पूरा गर्नुपर्नेः</u>** साझेदारी विघटन भएको कुरा सार्वजनिक नगरिएको कारण त्यस्तो विघटनको जानकारी फर्मसँग सम्बन्धित तेस्रो पक्षलाई नभएमा साझेदारी विघटन भएपनि फर्मको नाममा गरेको काम कारवाहीबाट तेस्रो पक्ष प्रतिको दायित्व सबै साझेदारले पुरा गर्नु पर्नेछ।

तर, मृत्यु भएका वा दामासाहीमा परेका साझेदारको जाय जेथाबाट निजको मृत्यु भएको वा दामासाहीमा परेका मिति पछिको काम कार्यवाहीबाट सिर्जित दायित्व बापत तिर्नु पर्ने छैन।

३७. **<u>वारेसद्वारा भाग लिन हुनेः</u>** दफा ३५ को उपदफा (३) को अधीनमा रही हरेक साझेदारले आफू वा आफ्नो वारेसद्वारा साझेदारी विघटनको प्रक्रियामा भाग लिन सकिनेछ।

३८. **<u>विघटन भएपछि पनि कायम रहनेः</u>** फर्मको विघटनको काम टुँग्याउनलाई जो आवश्यक काम कारवाही र विघटन हुनु पहिले शुरु गरेको अपूरो काम पुरा गर्नलाई साझेदारी विघटन भैसकेपछि पनि फर्मलाई

बाध्य गर्न र साझेदारहरूको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साबिक बमोजिम कायम रहनेछ।

३९. **फर्मको हिसाब फछ्र्यौट गर्ने:** साझेदारहरूको बीचमा भएको कबुलियत र दफा ३५ को उपदफा (३) को अधिनमा रही विघटन भएका व्यवसायको हिसाब फछ्र्यौट गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(क) फर्मको हितमा बाधा नपर्ने गरी फर्मको सम्पूर्ण सम्पत्ति नगदमा परिणत गर्नु पर्नेछ,

(ख) पूँजी घटेको समेतको नोक्सानी पहिले मुनाफाबाट, त्यसबाट नपुगे पूँजीबाट र त्यसबाट पनि नपुगे प्रत्येक साझेदारको घर घरानाबाट पूँजी लगानीको अनुपातमा असूल उपर गर्नु पर्नेछ,

(ग) पूँजीको कमी भर्ना गर्न लगायत फर्मको सम्पत्ति देहायका क्रम र तरिकाबाट उपयोग गर्नु पर्नेछः

(१) फर्मले तेस्रो पक्षलाई तिनुपर्ने ऋण रकम रहेछ भने सो ऋण

(२) पूँजी बाहेकको साझेदारले दिएको थप कर्जाको दामासाहीले,

(३) साझेदारले बुझाएका पूँजीको दामासाही,

(४) शेष बाँकी सम्पत्ति साझेदारको भाग हिस्सा बमोजिम मुनाफा बाँड्नमा।

४०. **सम्पत्ति भाग नलाग्ने:** साझेदारका बीचमा कबुलियत भएको भए तापनि फर्मको ऋण र दायित्व चुक्ता नगरी साझेदार बीच सम्पत्ति बण्डा गर्न सकिने छैन।

४१. **लिक्विडेटर नियुक्त गर्न सक्ने:** (१) फर्मको हिसाव किताब फछ्र्यौट गर्न साझेदारबीच विवाद उत्पन्न भई फर्म विघटन गर्न सवुद प्रमाण सहित कुनै साझेदारले कार्यालय समक्ष निवेदन दिएमा कार्यालयले त्यस्तो फर्मको विघटन गर्ने कार्य गर्न लिक्विडेटर नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त लिक्विडेटरले साझेदारी बीचको कबुलियत र यो ऐन बमोजिम फर्म विघटनको कार्य र हिसाब किताब फछ्र्यौट गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त लिक्विडेटर कार्यालय प्रति जवाफदेही हुनु पर्नेछ।

(४) लिक्विडेटरको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धित फर्मले तोके बमोजिम हुनेछ।

(५) लिक्विडेटरले सम्बन्धित फर्मको हिसाब किताब फछ्र्यौट तथा फर्मको विघटन सम्बन्धमा कार्यालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा कार्यालय प्रमुखले फर्मको विघटन सम्बन्धी आवश्यक निर्णय गर्न सक्नेछ।

## परिच्छेद-६

## कसूर र जरिवाना सम्बन्धी व्यवस्था

४२. **कसूरः** कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कार्य गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः

(क) फर्म दर्ता नगराई फर्म सञ्चालनमा गरेमा,

(ख) फर्म दर्ताको लागि दरखास्त दिँदा झुठ्ठा विवरण दिएको पाइएमा,

(ग) दर्ता भएको फर्मले अनुमति नलिई फर्म दर्ता प्रमाणपत्रमा तोकेभन्दा बाहेकको व्यवसाय गरेमा,

(घ) फर्मले तोकिएको म्यादभित्र सूचना नदिएमा वा झुठ्ठा सूचना दिएमा,

(ङ) यो ऐन बमोजिम नवीकरण नगराई फर्म वा कुनै पनि व्यक्तिले फर्म सम्बन्धी कार्य गरेमा,

(च) कार्यालयको स्वीकृति नलिई स्थानान्तरण गरेमा,

(छ) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरित अन्य कुनै कार्य गरेमा।

४३. **जरिवानाः** (१) दफा ४२ को खण्ड (क) अन्तर्गतको कसूर गर्ने फर्मका प्रत्येक साझेदारलाई पहिलो पटकका लागि कार्यालय प्रमुखले दुई हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पूनः गरेमा शुरुमा हुने जरिवानाको शत प्रतिशत थप जरिवाना गरी निज संलग्न रहेको कुनै पनि फर्म दर्ता गर्न रोक लगाइनेछ।

(२) दफा ४२ को खण्ड (ख) अन्तर्गतको कसूर गर्ने फर्मलाई कार्यालय प्रमुखले त्यस्तो फर्म खारेज गरी दश हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(३) दफा ४२ को खण्ड (ग), (घ) र (ङ) अन्तर्गतको कसूर गर्ने साझेदारी फर्मलाई कार्यालय प्रमुखले तीन हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(४) दफा ४२ को खण्ड (च) अन्तर्गतको कसूर गर्ने फर्मलाई कार्यालय प्रमुखले पाँच हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(५) दफा ४२ को खण्ड (छ) अन्तर्गतको कसूर गर्ने साझेदारी फर्मका प्रत्येक साझेदारलाई कार्यालय प्रमुखले दुई हजार रुपैयाँ जरिवाना गरी कानून बमोजिम गर्न निर्देशन दिन सक्नेछ।

## परिच्छेद-७

## विविध

४४. **पुनरावेदन सम्बन्धी ब्यवस्था:** दफा ४१ को उपदफा (६) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने साझेदारले त्यस्तो सूचना पाएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

४५. **उजुरी गर्न सक्ने:** (१) दफा ४३ बमोजिम कार्यालयले गरेको निर्णय उपर चित्त नबुझ्ने साझेदारले त्यस्तो सूचना पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालयको सचिव समक्ष उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरीका सम्बन्धमा सचिवले गरेको निर्णय अन्तिम हुनेछ।

४६. **वातावरणमा पर्ने प्रतिकूल असरको निराकरण गर्नु पर्ने:** फर्म दर्ता गरे पछि व्यापार व्यवसाय सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित फर्मको हुनेछ। वातावरण परीक्षणबाट सो व्यापार व्यवसाय प्रचलित वातावरण कानून तथा मापदण्ड विपरित देखिएमा कार्यालयले दर्ता खारेज गर्न सक्नेछ।

तर, त्यसरी दर्ता खारेज गर्नुअघि त्यस्तो वातावरण कानून र मापदण्ड पालना गर्ने मुनासिव माफिकको समय दिनु पर्नेछ।

४७. **अनुगमन तथा मुल्याङ्कन:** (१) मन्त्रालय, निर्देशनालय वा कार्यालयले समय समयमा यस ऐन बमोजिम स्थापना तथा सञ्चालन भएका फर्मको नियमित अनुगमन तथा मुल्याङ्कन गर्न सक्नेछ।

(२) अनुगमनका क्रममा कुनै जानकारी वा विवरण माग गरी वा नगरी कानून बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित फर्मको कर्तव्य हुनेछ।

४८. **विद्युतीय माध्यमको प्रयोग:** यस ऐन बमोजिम फर्म दर्ता, नवीकरण लगायतका प्रशासन सम्बन्धी कार्य गर्दा विद्युतीय माध्यमको समेत प्रयोग गर्न सकिनेछ।

४९. **नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ।

(२) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

५०. **<u>अनुसूची हेरफेर गर्न सक्ने:</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

५१. **<u>यसै ऐन बमोजिम हुने:</u>** (१) यस ऐनमा उल्लिखित विषयमा यसै ऐन बमोजिम हुने र यस ऐनमा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि साझेदारी ऐन, २०२० बमोजिम दर्ता भएका फर्म र तत् सम्बन्धी काम कारवाहीहरू यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

## अनुसूची-१
## (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>फर्म दर्ताको लागि दिने दरखास्तको ढाँचा</u>**

मितिः-.................

श्रीमान् कार्यालय प्रमुख ज्यू,

....................................

महोदय,

हामीहरुले साझेदारी फर्म खोली तपसिलमा लेखिए बमोजिमको उद्योग/व्यवसाय चलाउन मञ्जुर गरेकोले मञ्जुरीको कबुलियतनामाको कागज समेत सामेल राखी निवेदन गरेका छौं। दर्ता गर्दा लाग्ने दस्तुर लिई तल लेखिएको नामको फर्म हामीहरूका नाममा दर्ता गरी पाऊँ। लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

**<u>तपसिलः</u>**

(क) फर्मको पुरा नामः
(ख) फर्मको पुरा ठेगानाः
(ग) फर्मको उद्देश्य र कार्यान्वयन गर्न खोजेको फर्मको छोटकरी विवरणः
(घ) कारोबार गर्ने मुख्य चीजवस्तुको विवरणः
(ङ) प्रत्येक साझेदारको पुरा नाम, थर र स्थायी ठेगाना (तीन पुस्ते विवरण सहित)
(च) साझेदारको किसिम, प्रत्येक साझेदारले लगानी गरेको पुंजी रकम र अंशः
(छ) कुनै साझेदारको अधिकार उपर कुनै बन्देज लगाएको भए सो कुराः
(ज) सिमित दायित्व भएको साझेदारी भए प्रत्येक साझेदारको दायित्वको विवरण र त्यसको सिमाः
(झ) फर्मको सञ्चालन वा व्यवस्थापन गर्ने र प्रतिनिधित्व गर्ने साझेदार वा साझेदारहरूको नामः
(ञ) मुनाफा निर्धारण गर्ने तरिकाः
(ट) साझेदारहरू बीच मुनाफा तथा नोक्सान बाँडफाँड गर्ने तरिका,
(ठ) कार्यालयले तोकेको अन्य विवरणहरू।

भवदीय,

दरखास्तवालाको सहीछाप

## अनुसूची-२
### (दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

### फर्म दर्ताका लागि लाग्ने दस्तुर सम्बन्धी विवरण

देहायको पूँजी भएको साझेदारी फर्म दर्ता गर्दा देहायबमोजिम दस्तुर लाग्नेछः

| क्र.स. | पूँजीको सिमा | दर्ता दस्तुर |
|---|---|---|
| १ | एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँ सम्म पूँजी भएको | दुइ हजार रुपैयाँ मात्र |
| २ | पाँच लाख रुपैयाँ भन्दा बढी दश लाख रुपैयाँ सम्म | तीन हजार रुपैयाँ मात्र |
| ३ | दश लाख रुपैयाँ भन्दा बढी बिस लाख रुपैयाँ सम्म | पाँच हजार रुपैयाँ मात्र |
| ४ | बिस लाख रुपैयाँ भन्दा बढी पचास लाख रुपैयाँ सम्म | दश हजार रुपैयाँ मात्र |
| ५ | पचास लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँ सम्म | पन्ध्र हजार रुपैयाँ मात्र |
| ६ | एक करोड रुपैयाँ भन्दा बढी | बिस हजार रुपैयाँ मात्र |

**अनुसूची-३**

**(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)**

**<u>फर्म दर्ता प्रमाण-पत्रको ढाँचा</u>**

गण्डकी प्रदेश सरकार

...................................... मन्त्रालय

........................... निर्देशनालय

..................... कार्यालय

# साझेदारी फर्म दर्ताको प्रमाणपत्र

दर्ता नं. मितिः................

यस कार्यालयमा मिति.................... मा दर्ता भएको .................... नामको निम्न अनुसारको विवरण भएको साझेदारी फर्म गण्डकी प्रदेश साझेदारी ऐन, २०८० बमोजिम दर्ता/अद्यावधिक गरी यो प्रमाणपत्र दिइएको छ।

फर्मको नामः

फर्मको ठेगानाः

फर्मको उद्देश्य र कारोबारः

साझेदारहरूको विवरणः

कुल पूँजीः

.................

कार्यालय प्रमुख

नोटः यो प्रमाणपत्र प्रत्येक आर्थिक वर्ष भुक्तान भएको मितिले नब्बे दिनभित्रमा नवीकरण गराउनु पर्नेछ। उद्देश्यमा लेखिए बाहेक यो फर्मबाट अरु काम गर्नु हुँदैन। नवीकरण गराउँदा यो प्रमाणपत्र साथमा लिएर आउनु पर्नेछ।

## फर्म दर्ताको प्रमाण—पत्र पछाडि

## नवीकरणको विवरण

| नवीकरण गरेको मिति | नवीकरणको म्याद समाप्त हुने मिति | राजश्व रकम | भौचर नं. | नवीकरण गर्ने अधिकारीको सही छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-४

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**दर्ता किताबको ढाँचा**

फर्मको नाम र ठेगानाः

फर्म दर्ता नं. र मितिः

फर्मको उद्देश्य र कारोबारः

पूँजीः

(क) चालु पूँजीः

(ख) चुक्ता पूँजीः

साझेदारहरूको विवरण

| साझेदारहरूको नाम | नागरिकता प्रमाणपत्र नं., जारी जिल्ला र मिति | ठेगाना | लगानीको हिस्सा | सम्पर्क नं. | साझेदारहरूको फोटो |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची-५
(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**साझेदारी फर्मको नवीकरणका लागि दिने दरखास्तको ढाँचा**

मितिः..................

श्रीमान् कार्यालय प्रमुख ज्यू,

..............................

**विषयः साझेदारी फर्मको नवीकरण सम्बन्धमा।**

महोदय,

यस कार्यालयमा मिति ................ मा दर्ता भएको (दर्ता नं.................) .................... नामको साझेदारी फर्म नवीकरणको लागि तपशिल बमोजिमका कागजात संलग्न राखी दरखास्त गरेका छौं।

**तपशिलः**

१. फर्म दर्ताको सक्कल प्रमाणपत्र
२. करचुक्ता प्रमाणपत्र
३. लेखा परीक्षण प्रतिवेदन

**भवदीय**

फर्मको छाप — साझेदारको नाम र दस्तखत

**अनुसूची-६**
**(दफा १२ को उपदफा (२) र (३) सँग सम्बन्धित)**

**<u>नवीकरण शुल्क सम्बन्धी विवरण</u>**

यस ऐन बमोजिम दर्ता/अद्यावधिक भएको साझेदारी फर्मले प्रत्येक आर्थिक वर्ष भुक्तान भएको मितिले नब्बे दिन भित्र नवीकरण गराउँदा देहाय बमोजिमको दस्तुर लाग्नेछः

| **क्र.स.** | **पूँजीको सिमा** | **नवीकरण दस्तुर** |
|---|---|---|
| १ | एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँ सम्म पूँजी भएको | दुई सय रुपैयाँ मात्र |
| २ | पाँच लाख रुपैयाँ भन्दा बढी दश लाख रुपैयाँ सम्म | तीन सय रुपैयाँ मात्र |
| ३ | दश लाख रुपैयाँ भन्दा बढी बीस लाख रुपैयाँ सम्म | पाँच सय रुपैयाँ मात्र |
| ४ | बिस लाख रुपैयाँ भन्दा बढी पचास लाख रुपैयाँ सम्म | एक हजार रुपैयाँ मात्र |
| ५ | पचास लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँ सम्म | एक हजार पाँच सय रुपैयाँ मात्र |
| ६ | एक करोड रुपैयाँ भन्दा बढी | दुई हजार रुपैयाँ मात्र |

नोटः नव्वे दिन भित्र नवीकरण नगराएका फर्मले प्रत्येक आर्थिक वर्षको नवीकरण शुल्कका अतिरिक्त एक लाख रुपैयाँ देखि बिस लाख रुपैयाँसम्म पूँजी भएका साझेदारी फर्मलाई प्रत्येक आर्थिक वर्षको एक हजार रुपैयाँ र बिस लाख रुपैयाँ भन्दा माथि जतिसुकै रुपैयाँ भएपनि प्रत्येक आर्थिक वर्षको दुई हजार रुपैयाँका दरले जरिवाना लाग्नेछ।

## अनुसूची-७

## (दफा १५ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

### फर्म खारेजीको निवेदनको ढाँचा

मितिः-.................

श्रीमान् कार्यालय प्रमुख ज्यू,

....................................

महोदय,

यस कार्यालयमा मिति ----------------- मा दर्ता भएको ------------------- नामको साझेदारी फर्म गण्डकी प्रदेश साझेदारी ऐन, २०८० को दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिम देहायका कागजात संलग्न गरी खारेजीका लागि यो निवेदन पेश गरेका छौं।

१. फर्म दर्ताको सक्कल प्रमाणपत्र
२. करचुक्ता प्रमाणपत्र
३. फर्म खारेजी सम्बन्धमा सबै साझेदारहरुको सर्वसम्मत निर्णय
४. फर्मले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व बाँकी नरहेको स्वघोषणा

फर्मको छाप

भवदीय,

साझेदारहरुको नाम र दस्तखत